# *तारागाउँ विकास समिति (गठन) आदेश, २०३४

राजपत्रमा प्रकाशन मिति
२०३४।७।१

पहिलो संशोधन, २०६१ २०६१।९।५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "तारागाउँ विकास समिति (गठन) आदेश, २०३४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **समितिको गठनः** (१) तारा गाउँ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

#(२) उपदफा (१)बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन् :-

(क) नेपाल सरकारले मनोनित गरेको व्यक्ति - अध्यक्ष
(ख) प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
(ग) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
(घ) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय - सदस्य
(ङ) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड - सदस्य
(च) नेपालको संस्कृति, पर्यटन तथा समितिको कार्यसँग सम्कन्धित कुनै क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना - सदस्य
(छ) नेपाल सरकारले मनोनित गरेको व्यक्ति - सदस्य-सचिव

(३) समितिका मनोनित अध्यक्ष तथा सदस्यहरुको र सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ ।

@(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष, कुनै मनोनित सदस्य तथा सदस्य-सचिवले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै वखत सम्बन्धित पदबाट हटाउन सक्नेछ र यसरी हटाउँदा निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

---

* नेपाल राजपत्र भाग ३ खण्ड २७ संख्या २७, २०३४।७।१, उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना अनुसार

# पहिलो संशोधनद्वारा संशोधित

@ पहिलो संशोधनद्वारा थप

३. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको स्थान र समयमा बस्नेछ ।

(२) बैठकमा पेश गर्नु पर्ने कार्यसूची अध्यक्षको अनुमति लिई सदस्य-सचिवले अध्यक्षबाट अधिकार प्राप्त अन्य व्यक्तिले तयार गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ बैठकमा उपस्थित भई छलफलमा भाग लिन सक्नेछ । तर त्यसरी आमन्त्रित विशेषज्ञलाई मत दिने अधिकार हुने छैन ।

(७) समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

४. **समितिको काम कर्तव्यः** तारा गाउँ सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ र सो सञ्चालन गर्नको लागि समितिले निम्नलिखित कामहरु गर्न सक्नेछ :-

(क) नेपाल अधिराज्यमा आउने विदेशी पर्यटकहरुलाई नेपाली कला, संस्कृति र रहनसहनसित बढी परिचित तुल्याउन नेपाली शैलीका आवास गृह, चमेना गृह र अन्य आवश्यकीय भवनहरु स्थापना र सञ्चालन गर्ने,

(ख) विदेशी पर्यटकहरुलाई नेपाल अधिराज्यको विभिन्न भागमा प्रचलित नेपाली सांस्कृतिक रीतिरिवाजको जानकारी गराउने,

(ग) विदेशी पर्यटकहरुलाई नेपालको आतिथ्य, मैत्री र सद्भावनासित परिचित तुल्याउने,

(घ) विदेशी पर्यटकहरुलाई नेपाल र नेपालीपनको परिचय गराई नेपालप्रति अन्तर्राष्ट्रिय मैत्री र सद्भाव जगाउन प्रयत्न गर्ने,

@(घ१)ग्रामीण पर्यटन उद्योगको विकास तथा विस्तारको लागि नेपाल पर्यटन बोर्ड वा सरकारी वा सम्बन्धित स्थानीय निकायसँग समन्वय गरी आवश्यक काम गर्ने ।

---

@ पहिलो संशोधनद्वारा थप

(घ२) ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्न अन्तरक्रिया, गोष्ठी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ३) समितिको वार्षिक योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ङ) तारा गाउँको विकास तथा सञ्चालनको लागि आवश्यक अन्य कार्य गर्ने ।

५. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ जसमा देहायका रकमहरु रहनेछन् :-

(क) समितिले आर्जन गरेको रकमहरु,

(ख) समितिले सापट लिएको रकमहरु,

(ग) समितिको गठन हुँदा तारा गाउँ (प्रा.) लि. बाट सर्न आएको सबै रकमहरु,

#(घ) कुनै व्यक्ति, निकाय, संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिसँग रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

५क. **चल अचल सम्पत्ति समितिको नाममा रहनेः** समितिको गठन भएपछि तारा गाउँ (प्रा.) लि. बाट समितिले प्राप्त गरेको चल अचल सम्पत्ति समितिको नाममा रहनेछ ।

६. **समितिको आय-व्यय र लेखापरीक्षणः** (१) समितिको आय-व्ययको लेखा समितिले बनाएको नियम बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

७. **अधिकार सुम्पन सकिनेः** समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार सदस्यहरुको उप-समिति, सदस्य, सदस्य-सचिव वा अरु कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. **नियमहरु बनाउने अधिकारः** समितिले आफ्नो कार्य सञ्चालनको लागि नेपाल सरकारको स्वीकृति लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

९. **नेपाल सरकारसँग सम्पर्कः** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा #पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

---

# पहिलो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वारा संशोधित